भानुभक्तका पनाति र सिनेमा

सूर्यनाथ आचार्य
वर्ष ७५

म भानुभक्तको पनाति, आदिकवि भानुभक्त एकाउन्न वर्षमा नै स्वर्गे हुनुभएकाले (उहाँका नाति) अर्थात् मेरा पिताजीले पनि उहाँलाई देख्न पाउनुभएन, मैले त देख्ने कुरै भएन।

भानुभक्तको कुलपुस्ताको कुरा गर्दा उहाँका बाजे श्रीकृष्णका सन्तानसहित अहिले पचास-साठी घर होलान्। श्रीकृष्णका छोरा धनञ्जय, धनञ्जयका छोरा भानुभक्त, भानुभक्तका छोरा रमानाथ, रमानाथका छोरा देवीभक्त र देवीभक्तको छोरो म। हाम्रो नाममा भक्त र नाथ दुवै थरी लगाउने चलन छ।

बाजे श्रीकृष्ण काशी कल्पवास जानुभएकाले (जेठो छोराको छोरो) नाति भानुभक्तलाई पनि उतै लानुभएछ। भानुभक्तले आफ्नो अध्ययन त्यतै गर्नुभएछ।

भानुभक्तका सन्तान र प्रतिभा विस्तारको कुरा गर्दा मलाई के भन्न मन लाग्छ भने नेपालमा जति पनि कवि छन् ती सबै भानुभक्तका सन्तान हुन्। मैले त दार्जलिङमा गएर पनि भनें, म पञ्चतत्वको शरीरको नाताले भानुभक्तको पनाति भए पनि भानुभक्तको पनाति भन्न सुहाउँदिनँ किनभने भानुभक्तको पनाति भएर पनि मैले खासै केही गर्न सकेको छैन। बरु भानुभक्तका सन्तान दार्जलिङमा हुनुहुन्छ, जसले नेपाली भाषाको यति धेरै सेवा गरिरहनुभएको छ।

अब भानुभक्तका बारेमा बनेको सिनेमाको विषयमा कुरा गरौं। म पनि त्यसको पात्र बनेको छु। वृद्धसभाको छायाङ्कन विशालनगरमा भएको थियो। यादव खरेलजीले मलाई राख्नुभएको छ। म वृद्धसभाको मण्डलीमा पण्डितका रूपमा छु। सिनेमाका भानुभक्त त तीनवटा छन् एउटा सानो केटाकेटीमा तीन चुल्ठा बाटेकी केटी छिन्। त्यो बेलामा चुल्ठो बाट्ने चलन थियो। व्रतबन्ध नगरी चुल्ठो काट्ने चलन थिएन।

रातो डोरी लाउने छोराछोरीको तीन चुल्ठा बाट्ने चलन-कानको र गालाको बीचमा दुइटा र गर्धनमाथि एउटा गरी तीन चुल्ठा। मैले त्यति हेरेको छैन। भर्खर आएको छ। पहिले बनाउँदाखेरि देखाउनुभएको थियो। यो सिनेमा बनाउनुपऱ्यो भनेर मान्छेहरू त मकहाँ दशैँअगाडि आएका थिए। मसँग सोध्नुभएको थियो। मैले कपडाहरू यस्तो लाउँथे भनेर सबै वर्णन गरिदिएको हो। अर्को पात्र व्रतबन्ध गरेपछि ठिटौलो अवस्थाको छ। त्यो पात्रको भूमिकामा छोरोमान्छेले नै खेलेको छ। ठूलो भानुभक्त भने दिलीप भन्ने छन्। एकाउन्न वर्षसम्मलाई उनै छन्। भानुभक्तको पहिलेको घर छाले बंगाले घर भन्थे। चारतिर पक्की छाना भएको, दायाँबायाँ सानो, अगाडि-पछाडि ठूलो हुन्थ्यो। पहिले खरले छाएको थियो। अहिले त्यो छैन। अहिले खिच्ने घर त बनाइराखेका छौँ। भानुभक्तका बारेमा सिनेमा बन्नु मेरो मात्र गौरवको विषय होइन, नेपाली सबैको हो, किनभने भानुभक्त सबै नेपालीका हुन्, हाम्रो मात्रै भन्दिनँ। पञ्चतत्वको नाताले मलाई भानुभक्तको पनाति भन्नुहुन्छ भने हो गुणको हिसाबले म पनाति हुन सकेको छैन।

(२०५५/७/१६ मा गरिएको अन्तर्वार्तामा आधारित)

भानुभक्तका पनाति र सिनेमा

Note: Bhanubhakta Acharya (1814-68), the author of the Nepali Rāmāyaṇa, is revered as the Ādi Kavi or 'First Poet' of Nepali literature. His life was made the subject of a feature film which was released in 1999.

पनाति	great grandson
स्वर्गे	passed away, died
अर्थात	that is, i.e.
पिताजी	father
कुलपुस्ता	family line
सन्तान	children, offspring
सहित	including
थरी	family name
लगाउनु	to attach, add
चलन	custom, practice
काशी	Banaras
कल्पवास	residence as an ascetic on the banks of the Ganges during the month of Māgh
उतै	there (emphatic form of उता)
अध्ययन	studies
त्यतै	there (emphatic form of त्यता)
प्रतिभा	talent, genius
विस्तार	spreading
कवि	poet
पञ्चतत्व	the five elements: earth, air, fire, water, sky
शरीर	body
नाता	relationship
सुहाउनु	to be suitable
खास	particular, special
बरु	instead, rather
सेवा	service
-का बारेमा	about
सिनेमा	film
विषय	subject
पात्र	character (in a film, play or book)
वृद्ध	elderly
सभा	assembly
छायाङ्कन	filming, photographing
विशालनगर	Bishal Nagar
यादव खरेल	Yadav Kharel (film director)
मण्डली	council
पण्डित	Pandit
रूप	form, shape
चुल्ठा	plait
बाट्नु	to plait

व्रतबन्ध	the sacred thread ceremony
काट्नु	to cut
डोरी	string
कान	ear
गाला	cheek
गर्धन	neck
दशैं	the festival of Dasain
कपडा	cloth
वर्णन गर्नु	to describe
ठिटौलो	youthful, adolescent
अवस्था	condition
भूमिका	role
छाले	fake, imitation
बंगाले	Bengali-style
पक्की छाना	proper (permanent) roof
खर	thatch, grass
छानु	to lay a roof, to cover
खिच्नु	to take a photo
गौरव	pride
गुण	virtue, quality
को हिसाबले	in terms of, in a reckoning of